निबन्धकार ÷ अन्जु खड्का
विद्यालय ÷ यमुनानन्द नमुना माध्यामिक विद्यालय
मुसिकोट नगरपालिका ५ सेरीगाउँ, रुकुम पश्चिम
स्थायी ठेगाना ÷ मुसिकोट नगरपालिका ६ रुकुम पश्चिम
अभिभावकको सम्पर्क नं. ÷ ९८४६८६५०२६
अभिभावकको नाम ÷ लालबहादुर खड्का
कक्षा ÷ ९

## शीर्षक : भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन

भ्रष्टाचार 'भ्रष्ट' र 'आचार', दुई शब्दको मिलनबाट बनेको छ। 'भ्रष्ट' को अर्थ 'खराब' र 'आचार' को अर्थ 'आचरण' भन्ने बुझ्छ। शाब्दिक अर्थलाई केलाउँदा खराब आचरण वा व्यवहारलाई नै भ्रष्टाचार भनिन्छ। मानवीय समाज अपाच्य व्यवहार वा आदतले भ्रष्टाचारलाई जन्म दिन्छ। भ्रष्टाचार मानिसको आदत र व्यवहारसँग जोडिने भएकाले यसलाई केवल मानवीय आर्थिक व्यवहारसँग मात्र सीमित गर्न मिल्दैन। व्यक्तिले पदीय जिम्मेवारीलाई पर्वाह नगरी अनियमित र अपारदर्शी आचरण देखाउनु भ्रष्टाचार हो। भ्रष्टाचारलाई लिएर राजनीतिक र सामाजिक क्षेत्रमा थुप्रै बहस र पैरवी चलिरहेका छन्। कतिपयले आर्थिक हिनामिना र अपारदर्शिता भित्र भ्रष्टाचारलाई खुम्च्याएका छन्। कसैले भने यसको सीमालाई मानवीय व्यवहारका सबै जसो क्रियाकलापसंग जोडेका छन्। खासमा हेर्दा मानवीय खराब आचरणसँग जोडिएका हरेक क्रियाकलापहरू भ्रष्टाचारभित्र आबद्ध र सम्बद्ध रहेन रहेछन्। मानवीय पतित आचरण र दूषित व्यवहारको सक्कली नाम नै भ्रष्टाचार रहेछ। समाजको विकास र समुन्नतिमाथि तगारो हाल्ने र अधोगतितिर डुऱ्याउने मानवीय दुष्प्रवृत्ति पो रहेछ भ्रष्टाचार। यो सदा कानुनी मान्यता र परिधिको घेरा देखि बाहिर हुने रहेछ। नियम, कानुन र पद्धतिले यसलाई घेरा हाल्न खोज्ने तर यो भने तर्केर लुकेर बस्न खोज्दो रहेछ। यो नियम, कानुन र संस्कार विरोधी पतित मानवीय व्यवहार पो रहेछ। घुसखोरी, पक्षपात, नातावाद, कृपावाद जस्ता निकृष्ट व्यवहारबाट प्रदर्शित हुँदो रहेछ। भ्रष्टाचार लोभ, पाप, तुच्छता, मतिभ्रष्टता, अपराधजस्ता अपाच्य व्यवहारको अन्तर्घुलन रहेछ। भ्रष्टाचारीलाई भूत चढेको मानिस जस्तो लाग्छ। मान्छेमा जब कुविचार, कुसंस्कार र कुप्रवृत्तिको

विकास हुन थालछ, तब भ्रष्टाचार अङ्कुराउन थाल्छ। अङ्कुराएको भ्रष्टाचारले सामाजिक मलजल पायो भने मौलिने अवसर पाउँछ। फुल्छ, फल्छ अनि वनमाराले वन ढाके जस्तै गाउँ, सहरभरि फैलिन्छ। नेपाली इतिहासको फड्को मार्दै लोकतान्त्रिक गणतन्त्रमा अडिएको छ। इतिहासले राणा फाल्यो, पञ्चायत फाल्यो राजतन्त्रलाई हुत्यायो। सिंहदरबारलाई गाउँ गाउँमा छिरायो। खाल्डो भित्र निस्सासिएको भ्रष्टाचारले गाउँ गाउँ फैलिने मौका पायो। स्थानीय सरकारसँग लिसो टाँसिए झैं टाँसियो। कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, वन जताततै सर्व-व्यापी भयो। कानुनबाट विचलित भ्रष्टाचार वर्तमानमा क्रमशः संस्थागत र नियमको घेरा-भित्र प्रवेश गरेको छ। प्रक्रियासङ्गत, कानुनसङ्गत र मिलेमतोमा भ्रष्टाचारका नङ्ग्रा समाजमा गाडिएका छन्। भ्रष्टाचारको छानबिन, अनुसन्धान तथा शुद्धीकरण गर्न कौशीको जलले नुहाएका र मुडुमुडु छोरर कशाम खाएकाले नै भ्रष्टाचारीको खोल ओडेपछि जवाफ शून्य भएको छ। यदि धर्मशासनको कुनै अंश बाँकी छ भने यी पापीहरूलाई यमकुण्डमा पुऱ्याइदिए हुन्छ। भ्रष्टाचार एक प्रकारको अम्मल नै भइसकेको छ। जुन नसालु पदार्थको सेवन अनिवार्य भइसके झैं लाग्छ। प्रत्येक व्यक्ति आफ्नो आचरणमा निर्मल र शुद्ध नभए सम्म यसलाई निर्मूल गर्न सकिने रहेनछ।

भ्रष्टाचार नियन्त्रण जमानादेखी लाग्दै आएको नारा हो। आज पनि यो नारा लाग्दै छ। सम्भवत: भोलि पनि यो नारा झन सशक्त बनाइने छ। पञ्चायतले शङ्ख फुकेकै हो। बहुदलमा कर्नाल बजाइएकै हो। लोकतन्त्रमा ढोल पिटिएकै छ। एकात्मक शासन प्रणाली होस् या विकेन्द्रीकृत शासन व्यवस्था होस् नेपाली भान्साको खाना र आङको पहिरन भइसकेको छ भ्रष्टाचार। सडक तताउने ज्वाला र सदन जगाउने उद्घोष बनेको छ भ्रष्टाचार नियन्त्रण। यो घरबारदेखी दरबारसम्म खुब बिकेको छ। आम नेपालीहरूको बिहानको आमरण भजन र मन्त्र बनेको छ। ऐजेरुले रूख बेरिए जस्तै भ्रष्टाचारले नेपाललाई पुरै बेरेको छ। रूख नसुकेसम्म पिपासु ऐजेरूले कदापि छोड्ने छैन। डाँको नसुकुन्जेल डबलीमा भाषण गरिए, जबरजस्त समृद्ध नेपालको सपना देखाएर मात्र भ्रष्टाचारको मूल सुक्ला

त ? सत्ताको साँचो हातमा हुनेदेखि टाढा बस्न सक्ला र ? नेपाली जनता स्वर्गको आगो चोर्ने प्रोमिथस नबन्लान् त ? यस्ता अन्तर्जलनले नेपाली जनताहरू प्रताडित छन्।

भ्रष्टाचारका कारण पुराना शासकहरूको पतन भएकै हो भने नयाँ शासकहरूले किन यसकै घुम्टो ओढे त ? बीत्तल फेर्ने इतिहासले रवसी फेर्न किन नसकेको होला ? व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तन किन भएन ? यी जनताका अमीट प्रश्नहरू अनुत्तरित छन्। वि.सं. २०४८ सालदेखि सम्पन्न हुने आएका निर्वाचनमा कयाइएका भ्रष्टाचार विरोधी दलीय नारा र घोषणा पत्रहरूले पुस्तकालय भरिभराउ छन्। ती प्रतिबद्धताहरू चुनाव जित्न र शासन सत्ता हत्याउने हतियारहरू मात्र बने। नेपाली जनजीवन फेर्नलाई काम लागेनन्। तथापि नेपालीहरूमा धर्म हराएन। ती राजनैतिक दलहरूले विश्वासका धनी नेपालीहरूबाट भोट बटुलिरहे र बटुलिरहेकै छन्। वर्षौं वर्ष शासनको बागडोर पालैपालो सम्हाल्ने सुवर्ण अवसर पाइ नै रहे।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनलाई लक्ष्य बनाएर ~~सातवटा~~ सातवटा नेपाली संविधानहरू बनिसके। जनताले एकदलिय पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था, राजाको प्रत्यक्ष शासन हुँदै गणतान्त्रिक सङ्घीय शासन प्रणालीको स्वाद चाखिसके। सबैको नाडी छाम्दै र मुड नाँघिसके। कुनै शासन व्यवस्थासँग भ्रष्टाचार नियन्त्रण गर्ने स्पष्ट दृष्टिकोण र सोचाइ देखिएन। सबै शासन व्यवस्थाहरू ~~हात्ती~~ हात्तीका देखाउने दाँतभन्दा फरक देखिएनन्। जो चोर उसको ठूलो स्वर भनेझैं भ्रष्टाचारको धुँगुलमा फसेकाहरू नै भ्रष्टाचारका विरुद्धमा तीन हात ठफदा सायद नेपाली माटोले गिज्याइरहेको छ। नेपाली राजनीति भ्रष्टाचारसँगै रमाइरहेको आभाष भइरहेको छ। यसले नेपाली अर्थतन्त्रलाई पछाडि धकेलिरहेको छ। कृषकले प्राप्त गर्ने मल, बिउमा भ्रष्टाचार, स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार, मसानघाटमा प्रयोग गरिने दाउरा खरिदमा भ्रष्टाचार, तल्लो टोलमा भ्रष्टाचार, माथिल्लो टोलमा भ्रष्टाचार, यता भ्रष्टाचार, उता भ्रष्टाचार, सर्वत्र भ्रष्टाचार। यसो हेर्दा त भ्रष्टाचारले सुल्केरी सामग्री तथा पूजा सामग्री खरिदमा समेत नाता जोडिसकेछ।

आखिर भ्रष्टाचारी को हो त ? मान्छे भ्रष्टाचारप्रति किन आकर्षित हुन्छ ? यसतर्फ अन्वेषण गर्दा विद्यार्थी जीवनमा आफूसँग भएको सबै शत्रुलाई बुझाउन तम्तयार हुने समाजवादी

व्यक्ति हुन्छ। जब ऊ विवाह बन्धनमा बाँधिन्छ उसमा पूँजीवादी भूत चढेर आउँछ। कमाएको सम्पत्ति पुस्तान्तरण गर्ने मति पलाउँछ। त्यसपछि भ्रष्टाचारी सोचाइ विकास हुन थाल्छ। व्यक्तिगत स्वार्थ र अहमताबाट नै भ्रष्टाचारको निष्पत्ति हुन्छ। सर्वसाधारणदेखि नेतासम्म, ~~घरदै~~ घरबारदेखि दरबारसम्म, गाउँदेखि सहरसम्म, युवादेखि वृद्धसम्म सबै कतै न कतै भ्रष्टाचारको दलदलमा फसेको देखिन्छन्। भ्रष्टाचारको तौरतरिका र प्रक्रिया बेग्लै हुन सक्छन्। भ्रष्टाचार वर्षातको च्याउ मौलाए झैँ ज्यामितिय दरमा मौलाइ रहेको छ। भ्रष्टाचारका विरुद्धमा सुशासन कायम गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएको छ। यसलाई पनि राजनीतिका नङ्ग्राले ~~ब्रे~~ बेकम्मा बनाउने अभ्यासहरू भइरहेकै छन्। आयोगलाई अधिकारसम्पन्न बनाउनुको सट्टा स्वार्थसिद्धिका लागि कमजोर र अपाङ्ग बनाउने प्रयासहरू जारी नै छन्। वास्तवमा आयोगका ~~अनिविध~~ गतिविधिहरू सुशासन उन्मुख हुनु पर्ने हो।

'शासन' शब्दमा 'सु' उपसर्ग जोडिंदा 'सुशासन' शब्द निर्माण हुन्छ। 'सु' ले असल वा 'राम्रो' र 'शासन' ले 'प्रबन्ध गर्ने काम' वा 'प्रभुत्व जमाउने काम' लाई जनाउँछ। 'सुशासन' को शाब्दिक अर्थ प्रभुत्व जमाउने अथवा प्रबन्ध गर्ने असल काम भन्ने हुन्छ। मानवीय शक्ति र स्रोतलाई उपयुक्त परिचालन गर्ने उपयुक्त विधिलाई सुशासन भनिन्छ। प्रशासनिक अधिकारको समुचित उपयोग गर्नु नै सुशासन हो। भ्रष्टाचार र सुशासन एकापसमा विरोधी पक्ष हुन्। भ्रष्टाचारले सुशासनलाई खलबल्याइ दिन्छ। सुशासित व्यवस्थामा भ्रष्टाचारको प्रतिच्छाँया देख्न सकिंदैन। भ्रष्टाचारको अन्त्यसँगै सुशासनको जन्म हुने रहेछ। भ्रष्टाचारको समूल अन्त्य भएपछि सुशासन मौलाउने अवसर पाउँछ। सन् १९८० तिर विश्व बैँकले सुशासन सर्वप्रथम प्रचलनमा ल्याएको शब्द हो। सुशासन कसले, कसरी, कहिले गर्नुपर्छ भन्ने सोचाइ गलत हो। सुशासनप्रतिको अल्प बुझाइ हो। सुशासनमा सरकारका साथसाथै आम नागरिक समाज, स्वतन्त्र न्यायपालिका, सञ्चारकर्मीहरू, ~~राजनैतिक~~ राजनैतिक दल, गैर सरकारी संस्थाहरूको अहम् भूमिका रहेको हुन्छ। दिलो ज्यानले निस्वार्थ तरिकाले आ-आफ्नो स्थानबाट रवटेमा सुशासन कायम हुन कुनै आइतबार पर्खनु पर्दैन। नेपाली भूमि वेद, उपनिषद, पुराणका उवाचहरूले सिञ्चित भूमि हो। हाम्रा पुर्खाले देशप्रति गरेको योगदानलाई उच्च कदर गर्दै देशको विकास र समृद्धिमा हामी सबै खट्नै पर्छ।

CamScanner

पूर्वीय सभ्यताको जग बसेको नेपाली भूमिको विकास र ~~समृद्ध~~ समृद्धि किन हुन सकेन? नेपाली समाजमा सत्य स्थापित गर्ने, सद्भाव जाग्रत गर्ने, दानवी तात्पर्य नास गर्न सिकाउने नेपाली चाडपर्वहरूले पनि नेपालीहरूको संस्कार र संस्कृतिमा परिवर्तन ल्याउन सकेनन्। नेपालीहरूबिच शान्ति र सदाचारको वातावरण संस्कारित गर्न सकेनन्? यो अहम प्रश्न हो। पुर्खाको योगदानलाई आत्मसात गरी देशको समृद्धि र सुशासनमा योगदान गर्नु हरेक नागरिकको परम कर्तव्य हो। पुर्खाको गाथा गाएर आनन्द लिने होइन, राष्ट्र ~~निर्मा~~ निर्माणको सपना देख्ने समय हो यो। सुशासनको सुरुवात व्यक्तिबाट हुन्छ। व्यक्तिगत असल आचरणले पारिवारिक ~~समृद्धि~~ समृद्धि ल्याउन सघाउ पुर्‍याउँछ भने असल परिवारहरूको समविटबाट सभ्य समाजको निर्माण हुने हो। सभ्य समाजबाट नै देशमा सुशासन कायम हुने हो। सुशासन प्रत्येक व्यक्तिको सरोकारको विषय बन्नु पर्छ। जनतालाई सुखी र समृद्धि दिलाउने राज्य सञ्चालनका संयन्त्रहरूबाट मात्रै सुशासनको प्रत्याभूति गर्न सकिन्छ। शासन व्यवस्था जनविश्वासी र जनचासोयुक्त बन्न सक्नु पर्छ। जुन लक्ष्यले नेपाललाई विकेन्द्रीकृत राज्य बनाइएको हो, सोही बमोजिम राज्यबाट कार्य सम्पादन नहुँदा जनतामा नैराश्यता र वितृष्णा पैदा हुन गएका छन्। नेपालको संविधान २०७२ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त साधन स्रोतमा जनताको समान र सहज पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्ने नीति लिइएको छ। तर संविधानका परिपालकहरूको व्यवहार हेर्दा यी ~~सबै~~ कुराहरूदेखि बिमुख देखिन्छन्। बनाइएका नीति, नियम, कानुनहरूको परिपालन हुन नसकिरहेको छैन। जन उत्तरदायी तथा कानुनमा आधारित शासन व्यवस्था, सरकार सञ्चालनमा जवाफदेहीता, समावेशी शासन प्रणाली, भ्रष्टाचार रहित समाजको परिकल्पना, वित्तीय जवाफदेहीता, दण्डहीनताको अन्त्य जस्ता सुशासनका मुख्य आयामहरू व्यवहारबाट पुष्टि हुन नसक्दा जनताहरू चिन्तित भइरहेका छन्। नेपालमा सुशासन कायम गर्न राज्य संयन्त्रका सम्पूर्ण क्षेत्रहरूलाई चलायमान, सहभागितामूलक र जवाफदेही बनाउँदै लैजानुका साथै नागरिक सचेततालाई समेत प्रबर्द्धन गर्नु पर्दछ। व्यक्ति सन्तुष्टिसँग जोडिएको सुशासन जनताका मुद्दा र सवालहरूप्रति विमुख हुनु दुर्भाग्य र चिन्ताको विषय हो। गणतन्त्र स्थापना भइसक्दा पनि सर्वसाधारणले शरीर ढाक्ने नाना र भोक मेट्ने खाना नपाउनु बिडम्बना हो।

नियम, कानुन तथा पद्धति विपरीत गरिने गतिविधि र काम कारबाहीहरूले सुशासनलाई खलबल्याइदिन्छन्। कानुन र नियमहरूको परिपालना गराउन खोजिन्छ तर परिपालना

गरिँदैन । कानुनी कारबाहीले मात्र भ्रष्टाचारी नियन्त्रित हुने रहेनछ । यिनीहरूलाई सामाजिक जनजीवनबाट बहिष्कार पनि गर्नु पर्ने रहेछ । अब जातपातका आधारमा होइन भ्रष्टाचारका आधारमा छुवाछुत गर्ने प्रथा प्रचलनमा आउनु पर्ने देखिन्छ । निर्मित विधि, कानुन, प्रशासनिक नियन्त्रणले मात्र सुशासन कायम गर्नमा कुनै लछारपाटो लाउन नसक्ने देखियो । जनचेतनालाई थप तेज बनाउनु पनि त्यतिकै आवश्यक पर्दो रहेछ । सुशासनका बाधक नातावाद, कृपावाद जस्ता खराब आचरणहरू परित्याग गर्न अभियान सञ्चालन गर्नु पर्ने देखिन्छ ।

विद्यालय सुशासनको अवलोकन गर्दा बेथिति र ढिलासुस्तीका नमुनाहरू स्पष्ट देख्न सकिन्छ । विद्यालयमा बनाइएका आचारसंहिताहरू भित्ताका शोभा मात्र बनेका छन् । व्यवस्थापन समिति विद्यालयमा राजनीति गर्ने प्रमुख संस्था बनेको छ । शिक्षकले बहाना बनाएर बिदा लिने, शिक्षण सिकाइतर्फ ध्यान दिन नसक्ने, अनुगमन प्रणाली फितलो जस्ता सुशासन विरोधी गतिविधिहरूबाट विद्यालय आजित भइरहेको छ । विद्यालय सम्पत्ति हिनामिना गर्ने तथा विद्यालयलाई खोक्रो बनाएर चरम दुर्भाग्यतिर धकेल्ने काम भइरहेको छ । यस कदमले आफ्नो घर उजाड पारेर अरूको उन्नतितिर श्रम र पसिना खर्च गर्ने परिपाटीको विकास भइरहेको परिस्थिति छ ।

राज्यले कानुनी शासन व्यवस्था अँगाल्न सकेमा सुशासनको प्रत्याभूति गर्न सकिन्छ । जनप्रतिनिधिहरूले जनचाहनालाई मध्यनजर गरी निर्माण गरिएको कानुनको आधारमा शासित व्यवस्था नै कानुनी शासन हो । कानुन सबैका लागि बराबर हुनु पर्छ । सबै तह र तप्काका मानिसहरू कानुनको मातहतमा रहनु पर्छ । कानुनले कसैलाई काखा र कसैलाई पाखाको नीति लिनु हुँदैन । हरेक शासकीय क्रियाकलापहरू कानुनी दायराभित्र पर्नु पर्छ । कानुनी शासन व्यवस्थाले मात्र दण्डहीनता र अनियमिततालाई निर्मूल पार्न सक्ने क्षमता बोकेको हुन्छ । कानुनलाई हातमा लिनेदेखि यसको बर्खिलाफ गर्ने तथा कानुनलाई लत्याउने जस्ता कुप्रवृत्तिहरूले समाज आक्रान्त भइरहेको छ । यस्ता समाज भाँड्ने कुप्रवृत्तिले उल्टै राजनैतिक संरक्षण पाउने बिडम्बनासमेत भोगि परिरहेको छ । गैरकानुनी काम गर्ने, अनियमितता निम्त्याउनेलाई हरसम्भव जोगाउने परिपाटी नेपाली संस्कृति बनेको छ । राजनैतिक तथा प्रशासनिक संरक्षणले हत्या, हिंसा, बलात्कार तथा चोरी डकैती जस्ता आप-

राधिक गतिविधिले फैलिने मौका पाएका छन्। कतै कतै त म मन्त्रीको नाता पर्ने, हाकिमको नाता पर्ने मान्छे हुँ भनेर खुलेआम अपराधिक क्रियाकलाप गर्दै हिँडेको समेत देखिन्छ।

समतामूलक समाजको निर्माण सुशासनको अभीष्ट हो। पृथक् पृथक् अवस्थामा रहेका मानिसहरूलाई पृथक् पृथक् व्यवहार गर्नु नै समता हो। समता समन्यायमा आधारित हुन्छ। शासकले समाजमा पछि परेका, विपन्न, महिला, जनजाति, दलित, आदिवासी, सीमान्तकृत सबैलाई थप सहायतासहितको व्यवहार गर्नुपर्छ। यस व्यवहारले वास्तविक समानताको अनुभूति हुन जान्छ। शासनका हरेक क्रियाकलापहरूमा समाजमा बसोबास गर्ने हरेक क्षेत्र, लिङ्ग, वर्गको प्रतिनिधित्व गराउनु पर्दछ। राजनीति, शासन प्रणाली, कर्मचारीतन्त्र लगायतका क्षेत्रमा सबैको उत्तिकै हिस्सेदारी बनाउन सक्नु पर्दछ। यसैमा सुशासनको अन्तर्भाव अन्तर्घुलित हुन्छ।

राज्य संयन्त्रका हरेक निर्णयहरूमा सहभागिता क-कसको थियो? कुन प्रक्रियाबाट निर्णय भयो? निर्णयले क-कसलाई प्रभाव पार्ने हो? निर्णय प्रक्रिया सबैले बुझ्ने गरी भयो भएन? जस्ता सवालहरूले सुशासनको अवस्था पहिचान गर्न सकिन्छ। राज्य संयन्त्रका हरेक अङ्गहरूले पारदर्शिता कायम गर्नु पर्छ। जनतालाई सुसुचित नगराइकन कुनै क्रियाकलापहरू सञ्चालन गर्न गर्नु हुदैन। कर तिर्ने करदाताले कर लगानीको अवस्था, विभिन्न संघ संस्थाहरूका आय व्यय विवरण, कानुनको परिपालना लगायतका कार्यहरूमा जनताहरू स्पष्ट हुनु पर्छ।

सुशासित राज्यले सञ्चालन गर्ने सरकार जनउत्तरदायी हुन्छ। सरकारी प्रत्येक संयन्त्र आफ्ना जिम्मेवारीप्रति पूर्ण प्रतिबद्ध हुनुपर्छ। जनजीवनका हरेक पक्षमा सरकारको नजर पर्नु पर्छ। सरकार जनताका भावनाप्रति साक्षात्कार हुनु पर्छ। बालबालिकाले पोषिलो खानेकुरा पाउनु, सुविधा सम्पन्न स्वास्थ्य सेवा दिलाउनु, हिंसारहित शान्तिपूर्ण वातावरणको सिर्जना, आपुर्ति प्रक्रियामा पारदर्शिता, भौतिक सुधार जस्ता आधारभूत पक्षसँग नै सुशासनको साइनो गाँसिएको हुन्छ। यी विषयहरूमा सरकारको स्पष्ट दृष्टिकोण बन्नु पर्छ। रोजगार, इलम र अवसर नपाएर विदेश पलायन हुन थालेका होनहार युवा जनशक्तिलाई स्वदेशमा समुचित रोजगारीका अवसरहरू सिर्जना गरी नेपालमै काम गराउने गुरुयोजना तयार गर्नु पर्छ। गरिबीका कारण पाताल्दिँदै गएको नेपाली जनशक्तिलाई उच्च मनोबल र उत्कृष्ट कौशलताका साथ काममा

खटाउन सक्नु पर्छ। पुर्खाको पौरख र नेपालको गौरवलाई आत्मसात गरेर निस्वार्थ तवरले लाग्नु पर्छ। नेपालको उत्थान ,विकास र समुन्नतिका लागि हातेमालो गर्नैपर्छ।

सार्वजनिक प्रशासन राज्यको हात सार्वजनिक प्रशासनको माध्यमबाट राज्यले मानवीय तथा ~~संवेदनाका~~ भौतिक साधनको परिचालन गर्दछ। ती मानवीय तथा भौतिक साधनहरू मानवीय हकहित तथा संवेदनाका विषयमा सञ्चालन गरिन्छन्। सार्वजनिक प्रशासनबाट राज्यका नीति, नियम तथा कार्यक्रमप्रति पूर्ण प्रतिबद्ध कायम रहनु पर्छ। राज्यका नीति, नियम तथा कार्यक्रमलाई चुस्त दुरुस्त तथा प्रभावकारी तवरले सम्पन्न गर्ने सार्वजनिक प्रशासनका गतिविधिमा फितलो तथा लापरवाहीका अंशहरू देखिएमा सुशासन खल्बलिन्छ।

नेपाली राजनीति र सुशासनबिचको गहिरो खाडल परेको छ। खाडलको आकार बढ्दै छ, राजनीतिप्रति जनविश्वास घट्दै छ। राजनैतिक नेताहरूप्रति गाली र अपमानका पर्चाहरू छुविरहेका छन्। राजनीतिप्रति अविश्वास र वितृष्णा पलाइरहेको छ। यस्तो हुनुको कारण राजनीतिले जनभावनालाई आत्मसात गर्न नसक्नु नै हो। जनताका लागि राजनीति गर्नु पर्ने हो तर जनतालाई राजनीतिको भारी बोकाउने काम भइरहेको छ। विकृति र विसङ्गतिको पर्याय राजनीति बनेको छ। वास्तवमा राज्य चलाउने मुख्य नीतिप्रति मानिसको आक्रोश किन बढ्यो त? राजनीतिभित्र अनियमितता, स्वार्थ, सत्तालिप्सा जस्ता प्रवृत्तिहरू जबरजस्ती भित्रिए। राजनैतिक दलहरू सार्वभौमसत्ता सम्पन्न जनताप्रति आँखा चिम्लेका चिम्लेइ छन्। जनताको मुखमा रमाउने प्रवृत्ति कहिल्यै पलाउँदै पलाएन। शासकहरूले जनतालाई परिधिमा नै राखि रहे तर केन्द्रिय केन्द्रमा राख्न चाँहिदै चाहेनन्। प्रशासकहरू पनि राजनीतिको घुम्टो ओडेर कानुनी दायित्वबाट विचलित भइ नै रहे। सरकारका तीन अङ्गबिच विकर्षणको सम्बन्ध बढ्दै गयो। तिनीहरूको बिचमा तादात्म्यता र सहसम्बन्ध हुनै सकेन। कार्यपालिकाले व्यवस्थापिकाप्रति उत्तरदायी हुन ~~न~~ नचाहने तथा कानुनी दायरा नाघ्ने दुष्प्रवृत्तिबाट ग्रसित हुने, निरङ्कुश र स्वेच्छाचारी कार्यपालिकालाई नियन्त्रण गर्न न्यायपालिकालाई हम्मे हम्मे परिरहेको छ। स्वतन्त्र न्यायपालिकालाई समेत अङ्कुश लगाउने उद्देश्यले न्यायधीशहरू नियुक्तिमा दलीय भागबण्डा गर्ने प्रवृत्ति मौलाउँदै गइरहेको छ। यतिले मात्र नपुगेर संवैधानिक अङ्गहरूलाई समेत राजनीतिले रङ्ग्याउन

चाहने प्रवृत्ति समेत देखाउने प्रयास गरिएको छ।

भ्रष्टाचारलाई निरूत्साहित गरी सुशासन कायम गर्ने ध्येयका साथ अख्तियार दुरूपयोग अनुसन्धान आयोग महालेखा परीक्षक, अदालयलगायतका सबै सरकारी निकायहरूको स्थापना गरिनुका साथै सम्पति विवरण सार्वजनिक गर्ने, विकास निर्माणमा जनसहभागिता गराउने, नागरिक बडापत्र राख्ने व्यवस्था, गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, संसदीय सुनुवाई जस्ता अभ्यासहरू सुरु भएका छन्। यी अभ्यासका पाइलाहरूलाई राजनीतिक हस्तक्षेप र अङ्कुश लगाउनु विडम्बना हो। सत्ताका वरिपरी घुमाउन खोज्नु शज्यप्रतिका कुठाराघात हो।

सबैभन्दा बढी गुणस्तरीय शिक्षाको नारा लगाउने राजनैतिक दल सरकारमा पुगिसके तर त्यसतफ आँखा चिम्लेर बसेको देखियो। बहुदलीय व्यवस्था आएको ३४ वर्ष र गणतन्त्र स्थापना भएको १६ वर्ष भइसकेको छ तर पनि नेपालको शैक्षिक विकासले कुनै गति लिन सकेको देखिँदैन। अहिलेसम्म रोजगारमूलक तथा व्यवसायमूलक शिक्षाको स्पष्ट दृष्टिकोण आउनु नसक्नु दुर्भाग्य र विडम्बना भइरहेको छ। शासकका छोरा छोरीहरू विदेशका महङ्गा विद्यालयहरूमा पढाउने प्रचलन झन् तीव्र गतिमा बढिरहेको देखिन्छ। शिक्षा क्षेत्रमा लगानी घटाउँदै लगिएको छ। नेपालको प्राकृतिक स्रोत साधनहरूको समुचित उपयोग गरेर स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि आजको ~~सिक्षा~~ शिक्षाले ध्यान दिन सक्यो कि सकेन? खनिज पदार्थहरूको उत्खनन, जलस्रोतको सदुपयोगसम्बन्धी शिक्षार्थीहरूलाई उत्प्रेरित गर्न सक्षम ~~भयो~~ भयो कि भएन? स्वदेशमै स्वरोजगारका पर्याप्त सम्भावना तथा कौशलताको विकास गर्ने आँट बोल्न सक्यो कि सकेन? वास्तवमा यी थुप्रै सवालहरूको घेराभित्र नै गुणस्तरीय शिक्षाको मर्म लुकेको छ। यसतर्फ नेपाली विद्यार्थीहरूलाई ~~लाभान्वित~~ लाभान्वित गर्न सकेमा ~~सिक्ष~~ शिक्षामा गुणस्तर कायम हुन सक्छ। अहिलेसम्म पढ्ने विद्यार्थी, पढाउने शिक्षक, लगानी गर्ने अभिभावक तथा जिम्मेवारी लिने सरकार कोही पनि विश्वस्त नभएको अवस्था छ। भविष्यको स्पष्ट मार्गचित्र तयार गर्नका लागि यथाशिघ्र राज्यस्थरबाट पहलकदमी लिनु पर्ने अवस्था छ। ~~विश्वव्यापीकरणको~~ विश्वव्यापीकरणको जमानामा गन्तव्यविहीन भएर कुनै मानिस पनि खुम्चिएर नेपालमा बस्न सक्ने परिस्थिति छैन। सबैजसो युवा विद्यार्थीहरू विदेशमा पलायन हुने क्रम झन् झन् बढ्दै जाने सम्भावना देखिन्छ।

नेपाली माटोमा सुहाउँदो शिक्षा नीति र योजना तयार गरी सिपमूलक शिक्षालाई व्यावहारिक प्रयोग नगरेसम्म नेपाली जनशक्तिलाई स्वदेशमा रोक्न सकिँदैन । शोषण, दमन, अन्याय, अत्याचारका नयाँ शृङ्खलाहरू देख्न पर्न थाले । नयाँ प्रकृतिका भ्रष्टाचार र अनियमितताका पर्दाहरू खुल्दै गए । हिजो एकसरो कपडा लगाउन नसक्नेहरू सुविधाभोगी जीवन बिताउने भए । जनताका समस्याहरू झन् झन् चुलिँदै गए । विद्यालयको नियमन, व्यवस्थापन र सञ्चालनको स्वामित्व स्थानीय तहमा आयो । स्थानीय तह यसको सदुपयोग गर्नुका सट्टा विद्यालयलाई राजनीतिको अखडा बनाउन थाले । आफ्नो पक्षको विद्यालय व्यवस्थापन समिति बनाउने र स्वार्थसिद्ध हुने खाले कामहरू गर्न थाले । शिक्षक नियुक्ति तथा सरुवामा मनपरी चल्न थाल्यो । राम्रोको स्थानमा हाम्रोले स्थान पायो । घुसको लेनदेन पर्दा बाहिर आयो । परिश्रमी र क्षमतावान् जनशक्ति बाहिरिने र कमजोर र क्षमताविहीन जनशक्ति भित्रिने वातावरण सिर्जना भयो । यसले सबल र सक्षम जनशक्तिप्रति तीव्र असन्तोष र वितृष्णा पैदा हुन थाल्यो । यसप्रति राज्य गम्भीर भएन । चोरलाई चौतारी साधुलाई सुलीको प्रवृत्ति मौलाउँदै गएपछि आजित भएर आम सक्षम जनशक्तिले पलायनको बाटो रोज्यो ।

नेपालको संविधानले राज्यको मुख्य दायित्व सुशासन कायम गर्नका लागि भ्रष्टाचार निवारण ऐन २०५९, सुशासन ऐन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा नियमावली २०६५ लागु गरेको छ । भ्रष्टाचारीहरूलाई कानुनी कठघरामा उभ्याउन तथा समुचित कारबाहीको प्रक्रिया थालनी गर्न सकिएको छैन । रसवत लिने र दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने राष्ट्रसेवक, राजस्व चुहावट गर्ने राष्ट्रसेवक, गैरकानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गर्ने व्यक्ति, गलत लिखत तयार गर्ने राष्ट्रसेवक, ~~व्यवसाय गर्ने राष्ट्र~~ सरकारी कागजात सच्याउने व्यक्ति, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने व्यक्ति, गैरकानुनी व्यापार व्यवसाय गर्ने राष्ट्रसेवक, नपाएको ओहदा पाएँ भन्ने व्यक्तिलाई कानुनी कारबाहीका मापदण्डहरू तयार गरेको छ । राज्यले यसलाई नियन्त्रण र रोकावट गर्न सकिरहेको छैन । यसले राज्यको दायित्व र जिम्मेवारीप्रति सर्वसाधारणको विश्वास र भरोसामा कमी आउन सक्छ ।

नेपाल र नेपालीहरूको अक्षुण्ण गौरवलाई धुलोमा मिलाउन पाइँदैन । प्रकृतिले सिँगारेको देशलाई दोहन गरेर मरुस्थलमा परिणत गर्न पाइँदैन । नेपालीहरूको पसिना र रगतको

अपमान गर्न पाइँदैन । जनताका स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार माथि अङ्कुश लगाउन पाइँदैन । जल, जमिन, जङ्गल, जडिबुटीमाथि तस्करी गर्न पाइँदैन । सानालाई रैन र ठूलालाई चैन नेपालीलाई चाहिँदैन । भ्रष्टाचारको मत्स्यजालोमा ठूला माछा पनि पर्न सकुन् । नेपालको पानीको सदुपयोग होस् । नेपाली जनता लोकतन्त्रका सच्चा भक्त होऊन् । लोकतन्त्रले जनजीविकालाई सहज र समृद्ध बनाउन सकोस् । भ्रष्टाचारको कालो बादल हटेर सुशासनयुक्त खुला र स्पष्ट आकाश खुलोस् । नेपालमा रोजगारीका ढोकाहरू खुल्दै जाऊन् । शिक्षाको ज्योति देशभरि फैलियोस् । त्रिभुवन विमानस्थलको लर्को त्रिभुवन विश्वविद्यालयतिर सोभियोस् ।